# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎ ०२१-५३२०२२, ५३४८००
४४०१७३, ४४०१७४
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : puoemgt@wlink.com.np
वेबसाइट : www.puexam.edu.np


प.सं. : १८०। ७४/७५
च.नं. :

मितिः २०७४/९/२६

**श्री क्याम्पस प्रमुखज्यू,**

कला, व्यवस्थापन, विज्ञान तथा प्रविधि, शिक्षाशास्त्र, कानुन एवं चिकित्साशास्त्र संकाय अन्तर्गत स्नातक तह (Bachelor Level) का कार्यक्रम(हरू) सञ्चालन गर्ने यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस / कलेजहरू

*विषयः रजिस्ट्रेशन फर्म भराई पठाई दिने बारे ।*

उपरोक्त विषयमा, यस विश्वविद्यालयद्वारा शैक्षिक वर्ष २०७४/०७५ (ई.सं. २०१७ समूह) मा कला, व्यवस्थापन, विज्ञान तथा प्रविधि, शिक्षाशास्त्र, कानुन एवं चिकित्साशास्त्र संकाय अन्तर्गत सञ्चालित स्नातक तह (Bachelor Level) का विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रथम सेमेस्टर/वर्षमा प्रवेश लिएका विद्यार्थीहरूको विश्वविद्यालयमा नाम-दर्ता (Registration) गर्न गराउन सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका मा उल्लेखित विभिन्न शैक्षिक कार्यक्रमहरूका लागि विश्वविद्यालयद्वारा स्वीकृत सीट संख्या (Quota) भित्र रही सम्बन्धित विद्यार्थीहरूमार्फत तोकिएको रजिस्ट्रेशन फर्म भरी/भराई उक्त निर्देशिकामा उल्लेख भए अनुसारका प्रमाण-पत्रहरू र आवश्यक शुल्कको ड्राफ्ट् वा बैंक भौचरसहित मिति २०७४/१०/२९ (ई.सं. २०१८/२/१२) गते भित्र सोही निर्देशिकामा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउन हुन जानकारी गराउँदछु ।

पुनश्चः तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थीहरूको नियमानुसार लाग्ने शुल्कको दोब्बर दस्तुर सहित मिति २०७४/११/७ (ई.सं. २०१८/२/१९) गते भित्र रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको रकमको ड्राफ्ट वा बैंक भौचरसाथ उक्त रजिस्ट्रेशन फर्म(हरू) मिति २०७४/११/१० (ई.सं. २०१८/२/२२) गते भित्र निर्देशिकामा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउनु पर्नेछ ।

नोटः काठमाडौं उपत्यका स्थित यस विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त क्याम्पस / कलेजहरूलाई उपरोक्तानुसारका रजिस्ट्रशन-फर्महरू पू.वि., सम्पर्क कार्यालय, सिनामंगलमा सम्बन्धित शाखामा बुझाउन समेत जानकारी गराउँदछु ।

साथै, माथि उल्लेखित सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका यस परीक्षा व्यवस्थापन कार्यालयको website (www.puexam.edu.np) मार्फत् उपलब्ध गर्न सकिने छ । तथा, रजिस्ट्रेशन फर्महरू समेत सोही website बाट download गरी प्रयोग गर्न सकिने छ ।

..............................
(प्रा.डा. सूर्यप्रसाद संग्रौला)
परीक्षा नियन्त्रक